मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# माटो स्वास्थ्य सुधार कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२

प्रस्तावनाः माटोको भौतिक, रासायनिक र जैविक गुणस्तर सुधार गरेर माटोको उत्पादकत्व क्षमता वृद्धि गरी कृषि उत्पादन र उत्पादकत्व बढाउन आवश्यक भएकोले कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ को दफा ४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशले यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधि तयार गरी स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधिको नाम "माटो स्वास्थ्य सुधार कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२" रहेको छ।

(२) यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा-

क. "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ।

ख. "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश सम्झनु पर्दछ।

ग. "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्दछ।

घ. "कार्यालय" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ ।

ङ. "प्रयोगशाला" भन्नाले प्रदेशको माटो तथा मल परीक्षण प्रयोगशाला सम्झनु पर्दछ।

च. "माटो स्वास्थ्य सुधार" भन्नाले प्राङ्गारिक, गड्यौले मल उत्पादन र हरियो मलको वीउ उपलब्ध वा माटोको अवस्था सुधार गर्न माटो परीक्षण प्रतिवेदनको आधारमा कार्यालयले आवश्यकता अनुसार कृषि चुनमा सहयोग समेतको कार्यसम्झनु पर्दछ।

छ. "लाभग्राही" भन्नाले प्रत्यक्ष उत्पादनमा संलग्न कृषक, कृषक समूह, कृषि सहकारी, फर्म, कम्पनीलाई सम्झनु पर्दछ।

ज. "स्थानीय तह" भन्नाले प्रदेश भित्रका महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्दछ।

३. **प्रस्ताव आव्हान तथा संकलनः** (१) कार्यालयले सूचना, प्रस्तावको ढाँचा र अन्य आवश्यक कागजात सम्वन्धि विवरण प्रमुखबाट स्वीकृत भए पश्चात मात्र सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) कार्यालयले कम्तिमा पन्ध्र (१५) दिनको म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन/प्रस्ताव आवह्रान गरी लाभग्राहीबाट प्रस्ताव संकलन गर्नु पर्नेछ ।

४. **प्रस्ताव छनौट र स्वीकृतिः** (१) कार्यक्रमको उद्देश्य अनुसार पेश भएका प्रस्तावहरुको मूल्यांकन र छनौट गरी स्वीकृतीको लागि सिफारीस गर्न देहाय वमोजिमको प्रस्ताव मुल्याङ्कन समिति रहने छ।

डा. उमेश दाहाल
प्रदेश सचिव

(क) कार्यालय प्रमुखले तोकेको अधिकृत — संयोजक

(ख) कृषि विकास निर्देशनालयको प्रतिनिधी — सदस्य

(ग) अधिकृत प्रतिनिधी, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र — सदस्य

(घ) प्रतिनिधी, आर्थिक प्रशासन हेर्ने शाखा — सदस्य

(ङ) कार्यक्रम हेर्ने प्राविधिक कर्मचारी — सदस्य-सचिव

(२) प्रस्ताव मुल्याङ्कन समितिले आवश्यकता अनुसार दुई जनासम्म प्राविधिक वा विशेषज्ञको आमन्त्रण गर्न वा परामर्श लिन सक्नेछ।

(३) प्रस्ताव मुल्याङ्कन समितिले प्रस्ताव मुल्याङ्कन तथा छनौटका आधार तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई म्याद भित्र प्राप्त भएका प्रस्तावहरुको छनौट गरी स्वीकृतिका लागी कार्यालय प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस गर्दा स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता र औचित्य अनुसार दफा ६ बमोजिमको सञ्चालन हुने क्रियाकलापमा बजेट बाडँफाट गरी कार्यालय प्रमुख समक्ष स्वीकृतिका लागी पेश गर्नु पर्नेछ।

५. **अनुदानको अधिकतम सिमाः** यस कार्यक्रम अन्तरगतको निवेदन स्वीकृत गर्दा "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" मा व्यवस्था भए बमोजिम क्रियाकलाप अनुसार अनुदानको अधिकतम सिमा कायम हुनेछ।

६. **सञ्चालन गरिने कार्यक्रम र प्रक्रियाहरुः** (१) देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

क. माटो जाँच शिविर सञ्चालन,

ख. कृषि चुनमा सहयोग,

ग. प्राङ्गारिक तथा गँड्यौले मल उत्पादनमा सहयोग,

घ. हरियो मलको वीउ वितरण (ढैंचा, मुंग, सनई, आदि),

(२) उपदफा १ बमोजिम माटो जाँच प्रतिवेदनको आधारमा कार्यालयले कृषि चुनमा सहयोग गर्न सक्नेछ। माटो जाँच प्रतिवेदन नभएको स्थानमा कार्यालयले प्रयोगशाला वा स्थानीय तहको कृषि विकास शाखाको समन्वयमा प्रयोगशाला मार्फत माटो जाँच शिविर सञ्चालन गर्न सक्नेछ ।

७. **अनुगमन तथा मुल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार मन्त्रालय, निर्देशनालय तथा कार्यालयले गर्नेछ।

८. **कार्य सम्पादन प्रतिवेदनः** लाभग्राहीले सम्झौता बमोजिमको कार्य सम्पन्न भएको जानकारी गराएपश्चात कार्यालयले कार्य सम्पादन प्रतिवेदन तयार गर्नु पर्नेछ।

Smriti

Aayati

डा. उमेश दाहाल
प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

९. संशोधनः मन्त्रालयले यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

१०. प्रचलित कानून बमोजिम हुनेः यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा उल्लेख भएका विषयमा यसै प्राविधिक मापदण्ड तथा सञ्चालन विधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

११. खारेजि तथा बचाउः (१) माटो स्वास्थ्य सुधार कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८१ खारेज गरिएको छ।

(२) माटो स्वास्थ्य सुधार कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८१ बमोजिम भए गरेका काम कारबाही यसै सञ्चालन विधि वमोजिम भए गरेको मानिनेछ ।

डा. उमेश दाहाल
प्रदेश सचिव